नेपाली राजदूतावास, बेइजिङ
尼泊尔驻华大使馆，北京
EMBASSY OF NEPAL, BEIJING

## प्रजातन्त्र दिवसको शुभकामना !!!

आज ७५औं प्रजातन्त्र दिवसको सुखद अवसरमा चीन, मंगोलिया तथा उत्तर कोरियामा बसोबास गर्ने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरूलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। १०४ वर्ष लामो निरंकुश राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्नका लागि प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दछौं।

यो दिवसले आगामी दिनहरूमा मुलुकको प्रजातन्त्र थप परिष्कृत र सुदृढ बनाउँदै लोकतन्त्र तथा मानव अधिकारको जगेर्ना गर्दै नेपाली समाजलाई अग्रगामी दिशातर्फ उन्मुख गर्ने उत्प्रेरणा हामी सबैलाई प्रदान गरोस् भन्ने कामना समेत गर्दछौं।

साथै, यस गौरवमय अवसरमा नेपालको संविधानको मर्म र भाव अनुरूप समतामा आधारित समाजवाद उन्मुख  अर्थतन्त्र निर्माण गरी प्रजातन्त्रलाई थप समुन्नत बनाउनका लागि सम्पूर्ण नेपालीले आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन प्रेरणा मिलोस् भन्ने शुभकामना पुनः व्यक्त गर्दछौं।

जनवादी गणतन्त्र चीनका लागि नेपालका राजदूत डा. कृष्ण प्रसाद ओली
तथा
समस्त नेपाली राजदूतावास परिवार
बेइजिङ, ७ फागुन २०८१

No.1 Xi Liu Jie, San Li Tun, Beijing 100600, People's Republic of China
Tel: (+86 10) 65321795, 65322739 Fax: (+86 10) 65323251
Email: beijing@nepalembassy.org.cn; Web: www.cn.nepalembassy.gov.np